१४औं बैठक

आज मिति २०७७ साल असार १७ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर वहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम वहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री नोखिराम ओली, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम वहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री सिता कुमारी खत्री, प्रशासकीय अधिकृत
श्री शिशिर कुमार खड्का, योजना तथा अनुगमन अधिकृत
श्री कुल वहादुर खड्का, ना.सु.
श्री इन्द्रिलाल सुनार
श्री रविका परियार का.स.

Scanned with CamScanner

**प्रस्ताब नं. १ : सनिमोड झो.पु. र फर्सेनी झो.पु. को निर्माण कार्य सम्बन्धमा ।**

**प्रस्ताव नं. २ : शिलबन्दी दरभाउपत्र स्वीकृत प्रक्रिया अघि बढाउने सम्बन्धमा ।**

**प्रस्ताव नं. ३ : कोटेशनमार्फत औषधी खरिद गर्ने सम्बन्धमा ।**

**प्रस्ताव नं. ४ : आधारभुत शहरी स्वास्थ्य केन्द्र भवन निर्माण सम्झौता सम्बन्धमा ।**

**प्रस्ताव नं. ५ : विज्ञापन गर्ने तथा रकम भुक्तानी सम्बन्धमा ।**

**प्रस्ताव नं. ६ : प्रधानमन्त्री तथा मुख्यमन्त्री कार्यक्रम सम्बन्धमा ।**

**प्रस्ताव नं. ७ : राहत भुक्तानी गर्ने सम्बन्धमा ।**

**प्रस्ताव नं. ८ : नामावली स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १ :** चालु आ.व. २०७६/०७७ मा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत निर्माण गरिने सनिमोड झो.पु. वडा नं. २ र फर्सेनी झो.पु. वडा नं. ५ निर्माण कार्यको लागि आवश्यक पर्ने सिमेन्ट कार्यालय बाट खरिद गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने, विश्वभरी फैलिएको महामारीको कारणले गर्दा बन्दाबन्दीको अवस्थामा सिमेन्ट खरिद प्रकृया अगाडी बढ्न नसकेको ,असार महिना भित्र आवश्यक पर्ने सिमेन्ट तथा औजार कोटेशनबाट खरिद गर्न समस्या भएको र पुल निर्माण कार्य गर्नका लागि सिमेन्ट तथा औजार आवश्यक भएकोहुँदो समपुरक कोष (Mathcing fund) बाट व्यहोर्ने गरी उपभोक्ता समितिले नै खरिद गर्ने र बिलको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २ :** स्यानीटरी प्याड खरिद कार्यका लागि मिति २०७७/०२/२७ गते लुम्बिनीपत्र राष्ट्रिय दैनिकमा पन्ध्र दिने सूचना आह्वान गरीएकोमा १५ औं दिनको कार्यालय समयभित्र ३ (तीन) वटा दरभाउपत्र (Tender Document) बिक्रि भएको १६ औं दिनको १२:०० बजेभित्र ३ (तीन) वटा शिलबन्दी दर्ता भएको र मिति २०७७/०३/१६ गते खरिद तथा मुल्यांकन समितिबाट मूल्यांकन गर्दा न्यूनतम रुपमा मुल्यांकित र सारभुत रुपमा प्रभावग्राही देखि छनौट भएका श्री शिशिर मेडिको फर्मा, नेपालगंज बाँकेले पेश गरेको शिलबन्दी दरभाउपत्र स्वीकृतको प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ३ :** मिति २०७७/०२/३० गतेका दिन राष्ट्रिय दैनिक समाचारपत्रमा १५ दिने सूचना प्रकाशन गरि औषधी खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा अन्तिम दिन १५ औं दिनको कार्यालय समयभित्र कुनैपनि दरभाउपत्र खरिद हुन नआएको दोस्रो पटक सुचना प्रकाशन गरी छनौट प्रक्रियामा जादा असार मसान्त भित्र नभ्याइने भएकोले औषधीजन्य सामग्री अति जरुरी भएको, चैत्र ११ गतेदेखि बन्दाबन्दीको अवस्था विद्यमान रहेको कारण खरिद प्रक्रिया समयमा सुरु हुन नसकेको र हाल औषधी खरिद कार्य नगरी नहुने भएको र औषधी खरिद नगर्दा मानव स्वास्थ्यमा गम्भीर असर पर्न जाने भएकोले असार महिना भित्रै कोटेशन विधिमार्फत औषधी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** आधारभुत शहरी स्वास्थ्य केन्द्र भवन निर्माण कार्य वडा नं. ५ को निर्माण कार्यको लागि मिति २०७६/१०/१२ गते राष्ट्रिय पत्रिका राजधानी दैनिकमा सूचना प्रकाशन भएको, मिति २०७७/०१/१८ गते खरिद तथा मुल्याकंन समितिले मुल्याकंन गर्दा न्युनतम रुपमा मुल्यांकित तथा सारभुतरुपमा प्रभावग्राही देखिएको श्री रोहित कन्ट्रक्सन नारायण नगरपालिका १ दैलेखले पेश गरेको दरभाउपत्र स्वीकृतीको लागि छनौट भई सिफारिस भएको, मिति २०७७/०२/२६ गते सम्झौता गर्नका लागि १५ दिने सूचना प्रकाशन भएको, विश्वभरी फैलिएको कोभिड-१९ को महामारीको कारणले गर्दा बन्दाबन्दीको अवस्था सिर्जना भई दैलेख जिल्लामा कोरोना संक्रमितको संख्या अत्याधिक भएका कारण तोकिएको समयभित्र वैंक जमानत सहित सम्झौता गर्न आइ नपुगेको हुँदा ३ (तीन) दिनपछि बैंक जमानतपत्र सहित सम्झौता गरीपाँउ भनी निवेदन पेश गरेकोले बन्दाबन्दीको समस्यालाई मध्यजनर गरी तोकिएको समयभित्र कार्यसम्पादन जमानतसहित सम्झौता गर्न ढिलो आएको भएपनि असहज परिस्थिति भएकोले सम्पर्क राख्न आइपुगेको हुँदा सम्झौता गरी दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :** यस नगरपालिकामा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रको लागि दरबन्दीमा आधारित भई तपसिल बमाजिमको पदका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

| क.सं. | पद | संख्या |
|---|---|---|
| १ | अ.हे.ब./हे.अ. | ९ |

Scanned with CamScanner

| | | |
|---|---|---|
| २ | अ.न.मी./स्टाफ नर्स | ९ |
| ३ | स्वास्थ्य केन्द्र सहयोगी | ९ |
| ४ | स्वास्थ्य तथा सामाजिक विकास शाखा सहयोगी | १ |
| ५ | ल्याव असिस्टेन्ट | ४ |
| ६ | एम्बुलेन्स चालक | २ |

साथै कोरोना भाईरस (कोभिड १९) को समयमा स्वास्थ शाखाबाट काममा लगाईएका तपसिल बमोजिमका स्वास्थ्य कर्मीहरुलाई अन्तिम पटकका लागि असार मसान्तसम्मका लागि न्यूनतम सुविधा प्रदान गर्ने गरी ज्याला रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम | पद | वडा | देखि |
|---|---|---|---|---|
| १ | मोहन शर्मा | अ.हे.ब | ८ | २०७७।०२।०१ |
| २ | नवराज विक | हे.अ. | ३ | २०७७।०२।०१ |
| ३ | गोविन्द सुनार | अ.हे.ब. | ६ | २०७७।०२।०१ |
| ४ | हिरा शर्मा | अ.न.मी. | १३ | २०७६।१०।०६ |
| ५ | कस्तुरी के.सी. | का.स. | १३ | २०७६।१०।०६ |
| ६ | सोनम बुढा | अ.न.मी | १ | २०७६।१०।०६ |
| ७ | टोप बहादुर विसी | अ.हे.ब. | १ | २०७६।१२।१२ |
| ८ | गोविन्द खत्री | अ.हे.ब. | ५ | २०७७।१२।१२ |
| ९ | पवित्रा बस्याल | सहयोगी स्वास्थ्य शाखा | | २०७७।०२।१ |
| १० | दीपक कुमार डाँगी | एम्बुलेन्स चालक | | २०७७।०२।१६ |

**निर्णय नं. ६ :** प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत यस नगरपालिकामा प्राप्त ७५ लाख रुपैयाँलाई २३ वटा योजना (३,२६,०८६.९५ का दरले) संचालन गर्ने निर्णय गरियो । साथै मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत प्राप्त रकम ३९ लाख ७८ हजारलाई ३।३ लाखका दरले

Scanned with CamScanner

१२ वटा वडामा र वडा नं. ११ मा ३ लाख ७८ हजार रुपैयाँका दरले रोजगार उपभोक्ता समितिमार्फत योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** यस नगरपालिकामा विपद्का कारण राहत माग गरी आएका विभिन्न निवेदनहरुलाई आवश्यक सिफारिसका लागि वन वातावरण तथा विपद् व्यवस्थापन समितिमा पठाउने र सो समितिबाट सिफारिस भई आएमा राहत भुक्तानी गर्ने निर्णय गरियो

**निर्णय नं. ८ :** मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत यस नगरपालिकाको वडा नं. १ सिफारिस गरी पठाईएका श्रमीकहरुको नामावली स्वीकृत गरी प्रदेश मन्त्रालय पठाउने निर्णय गरियो ।

Scanned with CamScanner